# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ६, भागः२ संख्याः ४, मितिः२०७९/११/२८ गते

**भाग-१**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम कञ्चन गाउँपालिका, गाउँसभाले बनाएको तल लेखिए बमोजिमको सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

# कञ्चन गाउँपालिकाको गाउँ खेलकुद समिति गठन तथा सञ्चालन कार्यविधि,२०७९

**प्रस्तावना**

कञ्चन गाउँपालिकामा शैक्षिक क्षैत्रभित्र वा बाहिर खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुलाई धुम्रपान, मध्यपान, लागू पर्दार्थ दुर्व्यसनको कुलतबाट युवाहरुलाई जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र सुसंस्कृत समाज निर्माणको निमित्त कञ्चन गाउँपालिका क्षेत्रभित्र खेलकुदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउनको लागि विभिन्न खेलकुद सम्वन्धी प्रशिक्षण तथा प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकुद प्रशिक्षण तथा प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा हुने खेलकुद प्रतियोगितमा कञ्चन गाउँपालिका क्षेत्रभित्र खेलकुद विकास गर्न एवं गाउँपालिका भित्र रहेका खेलकुदसँग सम्वन्धित संघ-संस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले कञ्चन गाउँपालिकाको केही कानून तर्जुमा तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७४ को दफा ४ राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २४ को उपदफा ५ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२(२) ले दिइएको अधिकार प्रयोग गरी कञ्चन गाउँपालिकाबाट स्वीकृत गरी **गाउँ खेलकुद समिति गठन तथा सञ्चालन कार्यविधि,२०७९** बनाई लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यो कार्यविधिको नाम कञ्चन गाउँपालिकाको **"गाउँ खेलकुद समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९** रहेको छ ।

(२) यो कार्यविधि कञ्चन गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट गाउँपालिका क्षेत्रभर लागू हुनेछ । यो कार्यविधि खेलकुद सँग सम्वन्धित संस्थाहरु, प्रशिक्षण तथा केन्द्रहरुमा समेत लागू हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) गाउँपालिका भन्नाले कञ्चन गाउँपालिकालाई जनाउँछ ।

(ख) कार्यविधि भन्नाले कञ्चन गाउँपालिकाको गाउँ खेलकुद समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९ सम्झनु पर्छ ।

(ग) गाउँ खेलकुद समिति भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकुद समिति सम्झनु पर्छ ।

(घ) "संयोजक" भन्नाले गाउँ खेलकुद समितिको संयोजकलाई सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले गाउँ खेलकुद समितिका सदस्य सम्झनु पर्छ ।

(च) "सदस्य-सचिव" भन्नाले गाउँ खेलकुद समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

(छ) "अध्यक्ष" भन्नाले कञ्चन गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ज) "उपाध्यक्ष" भन्नाले कञ्चन गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कञ्चन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) "खेलकुद सम्बन्धी संस्था" भन्नाले कञ्चन गाउँपालिकाको संस्था दर्ता सम्बन्धि व्यवस्था गर्न बनेको ऐन बमोजिम दर्ता भएका संस्था सम्झनु पर्छ ।

(ट) "स्थानीय सरकार" भन्नाले कञ्चन गाउँपालिकालाई सम्झनु पर्छ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "खेलकुद" भन्नाले कञ्चन गाउँपालिकाको आयोजना वा स्वीकृत वा सहमति लिई खेलाइने खेलकुदलाई सम्झनु पर्छ ।

(ढ) "खेलाडी" भन्नाले टिम, क्लब, संघ-संस्था तथा विभिन्न विधाका स्थानीइ, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्छ ।

(ण) "प्रशिक्षक" भन्नाले कञ्चन गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब, संघ-संस्थामा खेल प्रशिक्षण समितिमा सम्वद्ध विषयगत खेलकुद प्रशिक्षक सम्झनु पर्छ ।

(त) "प्रशिक्षार्थी" भन्नाले कञ्चन गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लब, संघ-संस्थामा सम्वद्ध सिकारू खेलाडी सम्झनु पर्छ ।

(थ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिइने उपहार, सम्मान, पुरस्कार, चन्दालाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## गाउँ खेलकुद विकास समितिको उद्दश्यहरु

(क) कञ्चन गाउँपालिका भित्रबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गरी अन्तर्राष्ट्रिय स्तरमा देशको नाम चिनाउने ।

(ख) टिम, क्लब, संघ-संस्था, बिषयगत खेल प्रशिक्षण समिति, वडा स्तरिय खेलकुद समितिको व्यवस्थापन गर्ने गराउने ।

(ग) गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षक राख्न प्रोत्सान गर्ने,

(घ) गाउँपालिका खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने,

(ङ) खेलकुदको माध्यमबाट गाउँबासीहरुलाई एकिकृत र संगठित गर्ने,

(च) खेलकुदमा महिलाहरुको सहभागिता अभिबृद्धि गर्न प्रेरित गर्ने,

(छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न संघ संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गर्ने,

(ज) खेलकुद गतिविधिहरुलाई संस्थागत गर्दै लैजाने,

(झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजिवीहरुलाई समेत शारिरिक स्वस्थतामा प्रोत्साहन गर्ने ,

(ञ) गाउँपालिका भित्र रहेका कला संस्कृति र खेलकुदको विकास र प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमबाट सहयोग गर्ने,

(ट) गाउँपालिका भित्त्र खेलकुद प्रतियोगिता संञ्चालन गर्न सम्वन्धित खेल प्रशिक्षण निकायसँग समन्वय गरी खेलकुदको विकास गर्ने,

(ठ) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने,

(ड) टोल, चोक र सडकहरु स्वच्छ र सफा राख्न खेलकुदका संघ संस्थाहरुलाई परिचालन गर्ने ।

## परिच्छेद-३
## गाउँ खेलकुद समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**५. <u>गाउँ खेलकुद समितिको गठनः</u>** (१) खेलकुदको विकास गर्नका लागि कञ्चन गाउँपालिकामा देहाय बमोजिम ११ सदस्यीय खेलकुद समितिको गठन हुनेछः-

(क) कञ्चन गाउँपालिकाको अध्यक्षले तोकेको एक (१) जना - संयोजक

(ख) कञ्चन गाउँपालिकाको अध्यक्षले एक महिला कार्यपालिकाका सदस्य सहित तोकेको ३ (तीन) जना -सदस्य

(ग) गाउँ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पुर्व खेलाडीबाट कञ्चन गाउँपालिकाबाट मनोनित १ (एक)जना- सदस्य

(घ) विभिन्न विधाका खेलकुदका बिज्ञहरु माध्यमबाट कार्यपालिकाबाट मनोनित १ (एक) जना -सदस्य

(ङ) गाउँ स्तरका खेलकुद सम्वन्धी संस्था तथा क्लबहरुबाट सिफारिस भई आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तिमा एक जना महिला सहित ३ जना -सदस्य

(च) सामुदायिक र संस्थागत विद्यालयका प्रतिनिधि मध्ये अध्यक्षद्धारा मनोनित एक जना -सदस्य

(छ) कञ्चन गाउँपालिकाको शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख वा अधिकृत स्तरको कर्मचारी एक जना- सदस्य सचिव

२) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **गाउँ खेलकुद समिति गठन गर्न सक्नेः** (१) गाउँ खेलकुद समिति अन्तर्गत आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकुद समिमति गठन गर्न सकिनेछ ।

६. **गाउँ खेलकुद समितिको गठन र समयावधिः** (१) गाउँ खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ६ वर्षको हुनेछ । सदस्य सचिवको हकमा स्थानीय तहको अर्को नियम नभए सम्म पालिकाको निर्णय अनुसार हुनेछ ।

(२) हरेक खेलको संघहरु गाउँ खेलकुद संघमा आवद्ध हुनु पर्नेछ ।

७. **राजिनामा सम्वन्धमाः** (१) संयोजनकले कुनै कारणले राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष र सदस्यले खेलकुद विकास समितिको संयोजक समक्ष राजिनामा दिनु पर्ने छ ।

८. **पदावधि सम्वन्धमाः**(१) पदावधि बाँकी हुदै कुनै कारणबाट पद रिक्त भएमा निजले जुन प्रकारले नियुक्त भएको हो सो पदमा बाँकी अवधिको लागि सोही अनुसार अर्को सदस्य मनोनयन हुनेछ।

९. **सदस्यको रिक्तताः** (१) समितिले कुनै पनि सदस्यको कार्यसम्पादन सन्तोषजनक नरहेको भनि गाउँपालिकाले ठहर गरेमा कुनै पनि पदाधिकारी वा सदस्यलाई हटाउन वा फिर्ता बोलाउन सक्नेछ। साथै त्यसरी भएको पदमा बाँकी अवधिका लागि जुन प्रकारले नियुक्ति भएको छ सोही अनुसार नयाँ नियुक्ति हुनेछ ।

## १०. समितिका सदस्यको योग्यता सम्वन्धमाः

(क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक

(ख) पालिका क्षेत्रभित्र स्थायी बासिन्दा (सदस्य सचिव बाहेक) भएको

(ग) खेलकुद क्षेत्रमा महत्वपुर्ण योगदान दिएको

(घ) प्रचलित कानूनले अयोग्य नभएको

## ११. अध्यक्षको काम, कर्तव्य र अधिकारः

(क) पालिका खेलकुद समितिको बैठकको अध्यक्ष गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ,

(ख) खेलकुद प्रतियोगिताहरुको बार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरुको आयोजना, सञ्चालन र व्यवस्थापन गर्ने गराउने,

(ग) जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने प्रतियोगिताहरुमा गाउँपालिकाको तर्फबाट प्रतिनिधित्व गराउने,

(घ) पालिका खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नुपर्ने सम्पुर्ण सिफारिसहरु गर्ने,

(ङ) समितिले तोकेका अन्य कार्यहरु गर्ने, गराउने ।

## १२. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः

(क) खेलकुद समिति/ संस्था दर्ता अनुसूचि-२ अनुसार प्रमाणपत्र प्रदान गर्ने,

(ख) समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्न,

(ग) समितिलाई नीतिगत रुपमा सर-सल्लाह प्रदान गर्ने,

(घ) समितिको निर्णय कार्यान्वयन गर्ने,

(ङ) निर्णयानुसारको कोषको खाता सञ्चालन गर्ने,

(च) बैठकको लागि पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेश अनुसार बैठकको लागि आवश्यक बिषयसूचि र सामाग्री जुटाउने,

(छ) बैठक सञ्चालन र निर्णय लेखनमा आवश्यक काम गर्ने,

(ज) खर्चमा मितव्ययिता अपनाउने र नियन्त्रण गर्ने ।

## १३. समितिको काम,कर्तव्य र अधिकारः

(क) समग्र खेलकुद क्षेत्रको योजनाबद्ध विकास र सम्बर्द्धन गर्ने,

(ख) गाउँपालिका तथा अन्य संघ सस्थासँग समन्वय र सहकार्य गर्ने,

(ग) सम्वन्धित वडा र टोलहरुमा खेलकुद समिति गठन गर्न पहल गर्ने,

(घ) सम्वद्ध कार्यका लागि बार्षिक योजना तयार गरी गाउँसभाको बैठक अगाडी अध्यक्ष सामु पेश गर्ने,

(ङ) गाउँपालिका वा गाउँसभाले स्विकृत गरेको कार्यक्रम गर्ने गराउने,,

(च) खेलकुद क्षेत्रका आयोजनाहरु सञ्चालन गर्न मद्धत गर्ने,

(छ) खेलाडी, प्रशिक्षक र निर्णयकहरुलाई तालिम गराउने, प्रतियोगिताहरुमा सहभागी गराउने,

(ज) खेल विषयमा विद्यालयस्तरमा छलफल र अन्तर्क्रिया गरी शैक्षिक कृयाकलापहरु सञ्चालन गराउने,

(झ) खेलकुद क्षेत्रमा कृयाशिल व्यक्तिहरुलाई पुरस्कृत गर्न सिफारिस गर्ने र समितिले सम्मानित गर्ने,

(ञ) तालिम, प्रशिक्षण, कार्याशाला र गोष्ठीको आयोजना गर्ने,

(ट) खेल र खेलकुद क्षेत्रको बिकासको लागि भौतिक निर्माण, कबर्डहल, खेल मैदान, खेलाडी उत्पादन, प्रशिक्षक तथा निर्णयक गर्ने उत्पादनस्तर वृद्धिको योजना बनाई गाउँपालिका समक्ष पेश गर्ने,

(ठ) खेल र खेलकुद क्षेत्रको अध्ययन अनुसन्धान, प्रकाशन गर्ने र खेलाडी प्रशिक्षकहरुको व्यवस्थापनबारे कृति प्रकाशन गर्ने,

(ड) सम्वन्धित क्षेत्रको अन्य बिबिध कार्यहरु गर्ने गराउने ।

## परिच्छेद-४

## खेलकुद प्रतियोगिता व्यवस्थापन

१४. गाउँ खेलकुद विकास समिति आफैले वा गाउँपालिकाले दर्ता गर्ने टिम वा क्लबहरू मार्फत विभिन्न खेलकुद प्रतियोगिताहरू गर्न वा गराउन सक्नेछ ।

१५. गाउँ खेलुकद समितिमा आवद्ध भएका खेलकुद संघहरूलाई माग मान्यता प्रदान गरी विभिन्न खेलकुदमा सहभागी बनाउन सकिनेछ ।

१६. गाउँ खेलुकद समिति आफैले वा राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता गर्न वा गराउन सक्नेछ।

१७. **सल्लाहकार समिति गठन** : गाउँ खेलकुद विकास समितिले आवश्यकता अनुसार अध्यक्षको परामर्शमा सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

१८. **अन्य उपसमितिको गठन** : गाउँ खेलकुद विकास समितिले कुनै खेलकुद प्रतियोगिता सञ्चालन गर्न वा कुनै खेल विशेषलाई प्राथमिकता दिई विकास गर्न उप-समिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

कञ्चन गाँउपालिका स्थानीय राजपत्र

## परिच्छेद-५

## पालिकाभित्रका टिम, क्लब र संघ-संस्थाहरूको दर्ता र व्यवस्थापन

१९. कञ्चन गाउँपालिका भित्रका टिम, क्लब र संस्था आदिले पालिका खेलकुद विकास समितिको उद्देश्य, नीति र नियमलाई पालना गरी खेलकुद विकास गर्नका लागि गाउँपालिकाले तोकेको दस्तुर बुझाई दर्ता गर्नु पर्नेछ ।

२०. दर्ता भएका टिम वा क्लबले जुनसुकै प्रतियोगिता आयोजना गर्नु भन्दा अगाडी पालिका खेलकुद विकास समितिसँग अनुमति लिनु पर्नेछ । स्वीकृतको प्रक्रिया पालिका खेलकुद समितिले तोके बमोजिम हुनेछ ।

२१. दर्ता र नविकरण गर्नु भन्दा अगाडी गाउँ खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ ।

२२. गाउँपालिमा दर्ता भई पालिका खेलकुद समितिबाट स्वीकृत लिएका टिम, क्लब र संघसंस्थाहरूले पालिका खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक कमिटिलाई पालिका खेलकुद विकास समितिले उपलब्ध बजेट सिमाभित्र रही कार्यक्रमको प्रकृति अनुसार उपलब्ध गराउन सक्नेछ ।

२३. गाउँ खेलकुद विकास समितिले गाउँपालिकाको परामर्शमा देहाय बमोजिमको कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ :

क. पालिकाभित्र खेलकुद लगायत विविध क्रियाकलापहरू सञ्चालन गर्नेछ ।

ख. खेलकुद विकासको लागि सभा सम्मेलन वा गोष्ठी सञ्चालन गर्न वा गराउन सक्नेछ ।

ग. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागी भएका वा पदक प्राप्त गर्न सफल भएका खेलाडी वा प्रशिक्षकहरूलाई सम्मान कार्यक्रम आयोजना गर्न सक्नेछ ।

घ. पालिकाको कला संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टिम, क्लब, संघ-संस्थाहरूको प्रतिनिधित्वमा र्‍याली वा बैठक आयोजना गर्न सक्नेछ ।

## परिच्छेद-६

## खेलकुद प्रतियोगिता व्यवस्थापन

२४. अन्तर पालिका लगायत विभिन्न प्रादिशिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगताहरुमा समितिमा आबद्ध टिम, क्लव, संघ संस्था वा विद्यालयलाई सहभागी गराइनेछ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

२५. खेलकुद सिमितिले निर्णय गरे बमोजिम पालिका क्षेत्र भन्दा बाहिर जाने टिमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्न अनुसारको सुबिधा प्रदान गरिनेछः

क. प्रतियोगितामा भाग लिन जादा खाना, बस्न र यातायातमा हुने खर्च उपलब्ध गराईनेछ ।खाना बस्नका लागि खर्च गर्दा खर्च मितब्यिता अपनाउनु पर्नेछ ।पालिका खर्च व्यवस्थापन गर्दा प्रचलित नियमानुसार गर्नु पर्नेछ।

ख. प्रतियोगिता अविधि भर बढिमा दुई हप्ताको लगि खेलाडी,प्रशिक्षक र व्यवस्थापकलाई प्रति दिन रु.५००/- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

ग. खेलाडी पोशाकको हकमा प्रति खेलाडी र प्रक्षिकलाई बढीमा वार्षिक रु.३०००/-सम्मको सुविधा दिन सक्नेछ। तर खेलाडी कुनै न कुनै प्रतियोगितामा भाग लिएको हुनु पर्दछ ।

२६. पालिका क्षेत्र भित्र संचालन हुने खेलकुद कार्यक्रममा भाग लिदा खान,बस्न प्रति व्यक्रति प्रति दिन रु.५००।—मा नबढ्ने गरी निर्णय गरे बमोजिम हुनेछ ।

२७. गाउँ खेलकुद विकास समितिले गाउँपलिकाको स्वीकृतीले गाउँपालिका क्षेत्र भित्रका खेलकुद तथा खेलाडीको लागि पोशाकको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद-७

## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२८. पालिका खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीकफ स्तर बृद्धि गर्नका लागि आवश्यकताअनसार बिभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिईनेछ ।

२९. प्रशिक्षार्थीहरुले प्रशिक्षणमा समावेश हुन चाहेमा सम्बन्धित वडाको सिफारिस सहित गाउँ खेलकुद समितिमा निर्धारित फारम बुझाई आवेदन दिनु पर्नेछ ।

३०. प्रशिक्षार्थीको फारम तथा अन्य शुल्क समितिको सिफारिसमा पालिकाले तोके बमोजिम हुनेछ ।

३१. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसारको सुबिधा पाउने गरी बढीमा एक जना प्रशिक्षक र एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सकिनेछ।यसरी नियुक्त भएको प्रशिक्षक र सहायक प्रशिक्षकलाई पालिका खेलकुद विकास समितिले तोके बमोजिमको सुबधा उपलब्ध गराउन सकिनेछ ।

३२. कुनै पनि खेलको प्रशिक्षण अविधी एक पटकमा बढीमा एक बर्षको हुनेछ ।

३३. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगमा हुने सामानहरु आफै व्यवस्थापन गर्नु पर्नेछ ।

३४. प्रशिक्षणमा सहभागी हुने व्यक्तिहरुबाट खेलको प्रकृति र प्रशिक्षणको उपलब्धताको आधारमा गाउँ खेलकुद विकास समितिले शुल्क निर्धारण गर्न सक्नेछ।

३५. प्रशिक्षकले आवश्यक सामानहरुको सुची तयार गरी समितिमा माग गर्ने,प्रशिक्षण सामाग्रिको अभिलेख राखी हिफाजत गर्ने,प्रशिक्षार्थीहरुलाई नियमित रुपमा अनुशासनमा राख्ने र प्याकेज प्रशिक्षण प्रोग्राम र प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ।

३६. प्रशिक्षकले हप्ताको छ दिन हुने गरी कम्तिमा दिनको २ घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

३७. स्थगित गरिएका प्रशिक्षण कार्यहरुलाई पुन: संचालन गर्न आवश्य व्यवस्था भएको सूचना मिलेमा गाउँ खेलकुद विका समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनु पर्नेछ ।

३८. कुनै खेल प्रशिक्षणमा विषेश व्यवस्था वा थप प्रशिक्षक सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृत भए अनुसार व्यवस्था गरिनेछ।

## परिच्छेद-८
## पालिका खेलकुद विकास कोषको व्यवस्था

खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि गाउँपालिकामा खेलकुद विकास कोषको व्यवस्था गरिनेछ।

३९. कोषको श्रोत देहाय बमोजिम हुनेछ:

क. नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद् विकास समिति र अन्तर्राष्ट्रिय संघ संस्था वा कुनै व्यक्तिबाट प्राप्त रकम ।

ख. गाउँपालिकाबाट प्राप्त रकम ।

ग. विभिन्न प्रतियोगिता वा आयोजनाबाट संकलन भएको रकम ।

घ. खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम ।

ङ. पालिकाभित्र टिम, क्लबबाट आवेदन शुल्क, फारम शुल्क र प्रशिक्षणबाट प्राप्त शुल्क ।

च. समितिले प्राप्त गरेको पुरस्कार, चन्दा र सहयोग रकम ।

४०.यस कोषको सञ्चालन संयोजक र सदस्य सचिवको हस्ताक्षरबाट हुनेछ । कोषको लेखा पद्धति पालिकाको लेखा पद्धति अनुसार नै हुनेछ ।

४१.पालिका खेलकुद विकास समितिको निर्णयानुसार नै रकम खर्च गरिनेछ । समितिको बैठक बस्न नसकेको अवस्थामा खर्च गर्नु परेमा संयोजकले त्यस्तो खर्च गरी त्यसपछि बस्ने

समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ । यस्तो खर्च एक पटकमा रू.२५,०००/- भन्दा बढी हुने छैन ।

४२.कोषको रकम खेलकुद गतिबिधि सञ्चालनका अतिरिक्त खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्भार तथा खेलकुद सामग्री व्यवस्थापनमा समेत खर्च गर्न सकिनेछ।

४३.कोषको कुल आम्दानको २५% भन्दा बढी कार्यालय प्रयोजनका लागि तलबभत्ता वा प्रशासनिक खर्च गर्न पाइने छैन । सो भन्दा बढी खर्च आएमा पालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

## परिच्छेद-९

## खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

४४. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरूको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नुपर्नेछ ।

४५. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिककोमा लानुपर्ने भएमा प्रशिक्षकको माग अनुसार पालिका खेलकुद विकास समितिले कोषबाट मर्मत सम्भार गर्नेछ तर रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँपालिका समक्ष सिफारिस सहित मर्मत सम्भारको लागि पठाउनु पर्नेछ ।

४६. खेलकुद पूर्वाधार(स्टेडियम, खेलकुद भवन, कबर्ड हल, ट्र्याक आदि) को व्यवस्था गर्न पालिका खेलकुद विकास समितिको निर्णयानुसार माग भई आएमा गाउँपालिकाले यस्तो पूर्वाधार निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद-१०

## अनुशासनको कारवाही, दण्ड सजाय र पुरस्कार

४७. **अनुशासनको कारवाही :** खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ तर एक वर्षमा तिन पटक भन्दा बढी भएमा उक्त खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी वा व्यवस्थापकलाई एक वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता, प्रशिक्षण, व्यवस्थापनमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा गाउँ खेलकुद विकास समितिले निलम्बित गर्न सक्नेछ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

४८. वर्ष भरिका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई पालिका खेलकुद विकास समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट नगद पुरस्कार र सम्मान प्रदान गरिनेछ ।

## परिच्छेद-११

## विविध

४९. गाउँपालिकाले तोके बमोजिमको समितिको छुट्टै छाप, लेटरप्याड र साईनबोर्ड हुनेछ ।

५०. कर्मचारी तथा अन्य आवश्यकताको बारेमा गाउँपालिकासँग समन्वय गर्नु पर्नेछ ।

५१. गाउँपालिकासँग समन्वय गर्दा समितिको निर्णय सहित सदस्य सचिवले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

५२. कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्नु परेमा वा विवाद भई अन्तिम निर्णय दिनु परेमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम निर्णय हुनेछ ।

५३. स्वीकृ तबजेटको सिमाभित्र रही खर्च गर्ने गरी समितिका पदाधिकारी र सदस्यहरूको सुविधा र बैठक भत्ता सम्बन्धमा निम्न अनुसार हुनेछ ।

क. गाउँ खेलुकद विकास समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

ख. समितिका सदस्यहरूलाई बैठक बस्ता बैठक भत्तावपत प्रति व्यक्ति रू. ........... का दरले नियमानुसार करकट्टा गरी उपलब्ध गराउनेछ ।

ग. गाउँ खेलकुद विकास समितिको संयोजकलाई टेलिफोन, पत्रपत्रिका, यातायात र विविध खर्च वापत प्रति महिना रू .......... उपलब्ध गराइनेछ । वडा स्तरीय खेलकुद विकास समिति अनुगमन गर्न वा खेलकुद सम्बन्धी अन्य कार्यका लागि गाउँपालिका अध्यक्षको स्वीकृत र अधिकृतस्तरको कर्मचारीले ए सरह दैनिक भत्ता उपलब्ध गराई अनुगमनमा खटाउन सकिनेछ।

## अनुसूची -१
### (दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**मितिः......../...../....**

..................................
..................................
..................................
.................................. ।

**विषयः संस्था दर्ता सम्बन्धमा ।**

म/हामी तपसिलमा लेखिएको विवरण अनुसारको खेलकुद सम्बनधी संस्था दर्ता गर्ने मनसायले ईच्छुक व्यक्तिहरूको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी, एक प्रति विधान र अन्य आवश्यक कागजातहरू यसै निवेदन साथ संलग्न गरी संस्था दर्ताका लागि आवेदन गरेका छु/छौं । नियमानुसार संस्था दर्ता गरिदिनु हुन अनुरोध छ ।

विवरण

१. संस्थाको नामः
२. संस्थाको ठेगानाः ................ जिल्ला ................ पालिका वडा नं.: ..........
३. ईमेलः.................................. पो.ब.नं.: ..............
४. अध्यक्ष :...............................................................
५. सचिव :.................................................................
६. सम्पर्क नं.:

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरू :**

क. संस्थाको विधानको मस्यौदा
ख. आवेदक र समितिका पदाधिकारीहरूको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
ग. संस्थाको छापको नमूना ।

**भवदीय**

............................

संस्थाको अध्यक्ष



कन्चन गाउँपालिका स्थानीय राजपत्र

**अनुसूची -२**

**(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बेउरी, रुपन्देही**

**लुम्बिनी प्रदेश, नेपाल**

निर्णय मितिः..............................

दर्ता मितिः..............................

दर्ता नं.ः ..............................

**प्रमाण — पत्र**

संस्थाको नामः ......................................................

ठेगाना : ......................................................

दर्ता हुँदा बखतको अध्यक्षको नाम : ......................................................

संस्थाको पदाधिकारीहरूको संख्या : ......................................................

माथि उल्लिखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाण-पत्र प्रदान गरिएको छ । कञ्चन गाउँपालिकाको खेलकुद समिति कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरू सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ ।

दर्ता अधिकारीको सहीः-

पुरा नामः-

दर्जाः-

**द्रष्टव्यः यो प्रमाणपत्र हरेक आर्थिक वर्ष भित्र नवीकरण गर्नु पर्नेछ ।**

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

**प्रमाणीकरण मितिः २०७९/११/१६**

**आज्ञाले,**
**सागर गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**
**कञ्चन गाउँपालिका**

कञ्चन गाउँपालिका स्थानीय राजपत्र